आज मिति २०७७ साल पौष ०६ गते सोमवारका दिन विहान ११:०० वजे यस मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष श्री विदुर हुँमागाईंज्यूको अध्यक्षतामा वसेको ५५ औं गाउँ कार्यपालिकाको वैठक तपसिल वमोजिमका पदाधिकारीहरुको उपस्थितीमा पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय वमोजिमका निर्णय गरियो ।

| सि.नं. | उपस्थिती | हस्ताक्षर |
|---|---|---|
| १ | श्री विदुर हुँमागाईं, अध्यक्ष | |
| २ | श्री हर्कमाया रुम्वा, उपाध्यक्ष | |
| ३ | श्री आइत सिं लो, १ नं. वडा अध्यक्ष | |
| ४ | श्री वखान सिं पाखिन, २ नं. वडा अध्यक्ष | |
| ५ | श्री भागवत घिमिरे, ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री राम प्रसाद तिमल्सिना, ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री जित वहादुर घिमिरे, ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री टिका प्रसाद दाहाल, ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री सुर्य बहादुर रुम्वा, ७ नं. वडा अध्यक्ष | |
| १० | श्री कुमार सिं घिसिङ, ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री सुरेन्द्र सुनार, कार्यपालिका सदस्य | |
| १२ | श्री मन्जु योन्जन, कार्यपालिका सदस्य | |
| १३ | श्री चिनिमाया लुङ्वा, कार्यपालिका सदस्य | |
| १४ | श्री वुद्धिमाया वोम्जन, कार्यपालिका सदस्य, | |
| १५ | श्री पातलीमाया गोले, कार्यपालिका सदस्य | |
| १६ | श्री निर्मला विश्वकर्मा, कार्यपालिका सदस्य | |
| १७ | श्री रामकुमार पुडासैनी, प्रमुख प्रशासकिय अधिकृत | |

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकवानपुर
गढ्यान्चुली, मकवानपुर
बागमती प्रदेश, नेपाल

अध्यक्ष

Scanned with CamScanner

विदुर हुमागाई
अध्यक्ष

**मिति २०७७ पौष ६ गतेको ११औं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु :**

**प्रस्ताव तथा छलफलका विषयवस्तुहरु :**

१. प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी कार्यविधि ।
२. भुमिहिन दलित, भुमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीहरुको लगत संकलन सम्वन्धमा ।
३. निजि आवास पुनर्निर्माण तथा प्रवलिकरण लाभग्राहीको समयसिमा प्रतिवद्धता सम्वन्धमा ।
४. शिक्षक स्वर्गिय अवकाश सम्वन्धि कार्यविधि तयार सम्वन्धमा ।
५. स्थानीय रोजगार निर्देशक समितिगठन सम्वन्धमा ।
६. स्थानीय तह क्षमता स्वमुल्याकन सम्वन्धमा ।
७. खरको छानो विस्थापन कार्यक्रम सम्वन्धमा ।
८. भुमि बैंक स्थापना सम्वन्धमा ।
९. वडा नं. ७ जनता माध्यामिक विद्यालयमा सुरक्षागार्ड तथा स्वास्थ्य व्यवस्थापन कोष व्यवस्थापन सम्वन्धमा ।
१०. शिवम् सिमेन्ट उद्योगसँगको सम्झौता कार्यान्वयन तथा यस वर्षको योजनाका सम्वन्धमा ।
११. विभिन्न योजनाहरु कार्यान्वयन सम्वन्धमा ।
१२. आर्थिक सहायता सम्वन्धमा ।
१३. शिक्षा समितिमा रिक्त पद मनोनयन सम्वन्धमा ।
१४. किसान क्रेडिटकार्ड सम्वन्धी त्रीपक्षिय सम्झौता सम्वन्धमा ।
१५. अनाजको मूल्य निर्धारण समितिगठन सम्वन्धमा ।
१६. उद्यम विकास समिति गठन सम्वन्धमा ।
१७. वडा मेलमिलाप समिति गठन तालिम र कार्यान्वयनका सम्वन्धमा ।
१८. नदीजन्य पदार्थ निकासीका लागि २०७७ पौष १५ देखि अतिरिक्त सेवा शुल्क लगाउने सम्वन्धमा ।
१९. विविध ।

**छलफल तथा निर्णयहरु :**

**१. प्रारम्भिक वातावरणीय परिक्षण सम्वन्धी कार्यविधि ।**

यस गाउँपालिकाले गाउँपालिका क्षेत्रमा हुने नँया भौतिक विकास तथा निर्माणका क्रियाकलाप सञ्चालन गर्न, सडक यातायातका आयोजनाहरु कार्यान्वयन गर्नका निमित्त चालु आर्थिक वर्षको कार्त्तिक २१ मा भएको हिउँदे सभाको पहिलो वैठकमा पारीत गरेको वातावरण तथा प्राकृतीक स्रोत संरक्षण सम्वन्धी ऐन, २०७७ को अधिनमा रहेर तयार भएको **संक्षिप्त प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी कार्यविधि, २०७७** कार्यपालिका समक्ष प्रस्तावका रुपमा पेश भई उक्त कार्यविधि उपर आवश्यक छलफल पश्चात सर्वसम्मत रुपमा पारीत गरियो ।

**२. भुमिहिन दलित, भुमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीहरुको लगत संकलन सम्वन्धमा ।**

**क) गाउँपालिकास्तरीय भूमि सम्वन्धी समस्या समाधान सहजीकरण समिति गठन सम्वन्धी ।**

प्रमुख प्रशासकीय अधिकृत

विदुर हुमागाई
अध्यक्ष

भूमिहिनदलित, भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीहरुको लगत संकलनका लागि शहरी विकास तथा भूमि व्यवस्था मन्त्रालय र यस गाउँपालिकावीच भएको समझदारीपत्र बमोजिम त्यस्ता परिवारहरुको वास्तविक अभिलेख तयार गर्न आवश्यक निर्देशन तथा नियमन गर्ने, कर्मचारी परिचालन गर्ने, उठेका सवाल तथा विवादहरुको सम्वोधन गर्न तथा भूमिहीन दलित, भूमिहीन सकुम्वासी तथा अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन, प्रमाणीकरण तथा नाप नक्सा गर्ने कार्यमा सहयोग र सहजीकरण गर्न **भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यविधि, २०७७** मा व्यवस्था भए वमोजिम यस गाउँपालिकामा देहाय वमोजिमको **भूमि सम्बन्धी समस्या समाधान सहजीकरण** समिति गठन गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

- गाउँपालिका अध्यक्ष श्री विदुर हुमागाईं - संयोजक
- गाउँपालिका उपाध्यक्ष श्री हर्कमाया रुम्बा - उप संयोजक
- सम्वन्धित स्थानीय तहमा क्रियाशील रहेका राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका प्रमुख वा निजले तोकेको प्रतिनिधि - सदस्य
- कार्यपालिकाका सदस्य श्री निर्मला गजमेर - सदस्य
- कार्यपालिका सदस्य श्री पातलीमाया गोले - सदस्य
- संयोजकले मनोनयन गरेका भूमि, आवास लगायतका क्षेत्रमा काम गरिरहेका संघ संस्था संगठन वा नागरिक समाजका प्रतिनिधि (कम्तिमा १ महिला सहित २ जना) - सदस्य
- प्रमुख प्रशासकीय अधिकृत श्री रामकुमार पुडासैनी : सदस्य-सचिव

  नोट : समितिमा रहने अन्य पदाधिकारीहरुका सम्वन्धमा उल्लेखित सहजीकरण समितिको वैठक वाट तयार गरिनेछ ।

**ख) वडास्तरीय भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति गठन सम्बन्धी ।**

त्यसैगरी स्थलगत रुपमा तथ्यांक संकलन तथा नाप नक्साको काममा सहजीकरण गर्न तथा वडा समितिलाई आवश्यक सहयोग पुऱ्याउन देहायवमोजिमको वडास्तरीय भूमि सम्वन्धी समस्या समाधान सहजीकरण समिति गठन गर्न सकिने प्रावधान रहेकाले वडाले वैठक वसी उक्त समितिको टुंगो लगाइ कार्यान्वयन पक्रियालाई अगाडि वढाउने निर्णय सर्वसम्मतीमा गरियो ।

- वडाअध्यक्ष - अध्यक्ष
- वडा सदस्यहरु - सदस्य
- सम्वन्धित वडा अध्यक्षको सिफारिसमा स्थानीय तहका अध्यक्षले मनोनयन गरेको भूमि, आवास लगायतका क्षेत्रमा काम गरिरहेका संघ संस्था संगठन वा नागरिक समाजका प्रतिनिधि (कम्तिमा १ महिला सहित २ जना) - सदस्य
- वडा सचिव - सदस्य-सचिव

**ग) क्षेत्रतोक्ने सम्वन्धमा ।**

विदुर हुमागाईं
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकान्धुली, मकवानपुर बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

विवरणतयार गर्नु पूर्व प्रत्येक स्थानीयतहले वस्तीको तहगत क्षेत्र तोकिनसकेको अवस्थामाउक्तवस्तिहरु ग्रामीण क्षेत्र, शहरउन्मुख क्षेत्र, शहरी क्षेत्र तथागाउँपालिका केन्द्र यी ४ मध्येकुन क्षेत्रमा पर्ने हो सो क्षेत्र तोकीविवरणतयार गर्नुपर्ने भनिउल्लेखितकार्यविधिमाव्यवस्थाभएकोले गाउँपालिकाको केन्द्र क्षेत्र वडा नं. ३, मक्रान्चुलीलाई तय गर्ने र बाँकीअन्य सबै वडालाई ग्रामीण क्षेत्र तोक्ने निर्णय सर्वसम्मतीमागरियो ।

**घ) जनशक्तिव्यवस्थापन सम्बन्धमा ।**

भूमिहिन दलित, भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित वसोबासीहरुको लगत संकलन, नाप नक्शा तयारी गर्नका लागि गाउँपालिकामा **"भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको विवरण र तथ्यांक संकलन इकाई"** को व्यवस्था गर्ने निर्णय गरियो र उक्त इकाईमा तपसिल वमोजिमको जनशक्ति व्यवस्थापन गर्ने निर्णय गरियो ।

इकाई प्रमुख : कविराज हुमागाईं

अमिन : २ जना (नक्शा शाखाको कर्मचारीलाई तोक्ने)

तथ्याकं संकलक : २ जना (सूचना प्रकाशन गरी राख्ने)

लगत प्रविष्टि कर्ता : सूचना प्रविधि अधिकृत सुरज पौडेल

सामाजिक परिचालक : मौजुदा सामाजिक परिचालक मध्य १ जना

फिल्ड सहयोगी : मौजुदा कार्यालय सहयोगी मध्य १ जना

**३. निजि आवास पुन: निर्माण तथा प्रबलिकरण लाभग्राहीको समय सिमा प्रतिवद्धता सम्बन्धमा ।**

निजिआवास पुन:निर्माण तथा प्रवलिकरण लाभग्राहीको समयसिमाका सम्वन्धमा राष्ट्रिय पुन:निर्माण प्राधिकरण, सिंहदरवार, काठमाडौंले अन्तिम पटकका लागि सम्झौता गर्ने सिमा मंसिर मसान्तसम्मलाई, पौष १५ गते सम्मलाई प्रथम किस्ता लिई सक्नुपर्ने, माघ मसान्तसम्ममा दोश्रो किस्ता र २०७८ वैशाख मसान्तसम्ममा तश्रो किस्ता लिनको लागि स्थानीय तहमा प्रमाणिकरणका लागि निवेदन दिनुपर्ने भनि सूचनाजारी भएकाले सोही वमोजिम कार्य गर्न गराउन सबै वडाध्यक्षज्यूहरु मार्फत प्रतिवद्धता जाहेर गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

**४. शिक्षक स्वर्णिम अवकाश सम्बन्धिकार्यविधितयार सम्बन्धमा ।**

यस गाउँपालिकाको विद्यालयहरुमा कार्यरत ८ वर्ष भन्दा वढि समयावधि वाँकी रहेका शिक्षकहरुलाई स्वर्णिम अवसरका रुपमा नगद रकम उपलव्ध गराई अवकाश पछिको जीवनलाई परिस्कृत एवं आफ्ना योजना तथा नँया काम गर्ने अवसरलाई सदुपयोग गराउनका निमित्त गाउँपालिकाको शिक्षा समितिवाट समेत अनुमोदन भई सञ्चालनमा आएको शिक्षक स्वर्णिम अवकाश कार्यक्रमलाई व्यवस्थितरुपमा कार्यान्वियन गर्न मकवानपुरगढी गाउँपालिकाको शिक्षा ऐनको अधिनमा रहेर शिक्षक स्वर्णिम अवकाश सम्वन्धि कार्यविधि तयार गर्ने र शिक्षा समितिमा सो कार्यविधि उपर आवश्यक छलफल गरी आगामी गाउँ कार्यपालिकाको बैठकवाट अनुमोदन गर्ने गरी तयार गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मक्रान्चुली, मकवानपुर वागमती प्रदेश, नेपाल

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

विदुर हुमागाईं
अध्यक्ष

५. स्थानीय रोजगार निर्देशक समितिगठन सम्बन्धमा ।

प्रधानमन्त्रि रोजगार कार्यक्रमलाई अझ व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन, रेखदेख तथा निर्देशन गर्न तथा नागरिकको रोजगारीको हकको संरक्षण सम्बन्धी कामलाई सञ्चालन गर्न, गाउँपालिकाको श्रम वजारको माग र विद्यमान जनशक्तिको उपलब्धताको विश्लेषण र प्रक्षेपण गर्न, वेरोजगार व्यक्तिका लागि रोजगार र स्वरोजगारको व्यवस्था गर्न आवश्यक नीति गाउँ कार्यपालिकामा सिफारीस गर्न, वेरोजगार व्यक्तिको अद्यावधिक अभिलेख तयार गरी रोजगार सेवा केन्द्रलाई मार्गदर्शन गर्न, स्थानीय तहभित्र सञ्चालित रोजगार कार्यक्रम तथा वेरोजगार सहायता कार्यक्रमको अनुगमन तथा मूल्याकंन गर्न प्रत्येक स्थानीय तहमा एक स्थानीय निर्देशक समितिको गठन गर्न सकिने प्रावधान रोजगारको हक सम्बन्धी नियमावलि, २०७५ को दफा १४ मा व्यवस्था भएकोले सोही दफा वमोजिम गठन हुने स्थानीय निर्देशक समितिमा देहाय वमोजिमका पदाधिकारी रहने व्यवस्था सर्वसम्मतीमा गरियो ।

तपसिल

| | | |
|---|---|---|
| गाउँपालिकाका अध्यक्ष श्री विदुर हुमागाँई | : | अध्यक्ष |
| गाउँपालिका उपाध्यक्ष श्री हर्कमाया रुम्वा | : | उपाध्यक्ष |
| वडा नं. ३ का अध्यक्ष श्री भागवत घिमिरे | : | सदस्य |
| वडा नं. १ का अध्यक्ष श्री आइत सिं ल्हो | : | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत श्री रामकुमार पुडासैनी | : | सदस्य |
| रोजगार संयोजक श्री कविराज हमागाँई | : | सदस्य-सचिव |

साथै, उक्त प्रधानमन्त्रि रोजगार कार्यक्रमको वेवसाइटमा यस गाउँपालिकाको तर्फवाट वेरोजगार व्यक्तिहरुको प्राथमिकताक्रम निर्धारण सूची आ.व. २०७७०७८ मा सूचिकृत १०४ जना वेरोजगार व्यक्तिहरुको सूची सर्वसम्मतीमा स्विकृत गर्ने निर्णय गरियो ।

६. स्थानीय तह क्षमता स्वमुल्याकंन सम्बन्धमा ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको स्थानीय तह क्षमता स्वमूल्याकंन कार्यविधि, २०७७ वमोजिम सेवा प्रवाह, वित्तिय अनुशासन, वजेट, स्थानीय कार्यसम्पादन प्रणाली, योजना विकासमा प्राथमिकता, कार्यपालिका तथा गाउँसभा सञ्चालन लगायतका तपसिल वमोजिमका सूचक क्षेत्र अन्तरगत पर्ने विभिन्न १०० वटा बुँदामा प्राप्त आफ्नो स्थानीय तहको स्वमुल्याकंनका लागि प्रति सवाल १ अंकभार सहित १०० नम्वरमा उल्लेखित सवालहरुको स्वमुल्याकंन गर्दा देहाय वमोजिम अकंभार कायम हुने गरी प्राप्त परिणाम ६८ दशमलव ५ संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पठाउने निर्णय सर्वसम्मतीमा गरियो ।

देहाय

| सि.नं. | सूचक क्षेत्र | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | संगठन तथा प्रशासन | ९ | ८.५ |
| २ | शासकीय प्रवन्ध | ८ | ६ |
| ३ | क्षेत्र वार्षिक वजेट तथा योजना | ११ | ७.५ |
| ४ | वित्तीय एवम् आर्थिक व्यवस्थापन | ११ | ५.५ |

विदुर हुमागाईं
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

विदुर हुमागाई
अध्यक्ष

| | | | |
|---|---|---|---|
| ५ | सेवा प्रवाह | १६ | ११ |
| ६ | न्यायिक कार्यसम्पादन | ७ | ६ |
| ७ | भौतिक पूर्वाधार | १३ | ७ |
| ८ | सामाजिक समावेशिकरण | १० | ५ |
| ९ | वातावरण संरक्षण र विपद् व्यवस्थापन | ९ | ६ |
| १० | क्षेत्र सहकार्य र समन्वय | ६ | ३ |
| | कूल जम्मा | १०० | ६८.५ |

**७. खरको छानो विस्थापन कार्यक्रम सञ्चालन सम्बन्धमा ।**

गाउँपालिकाभित्र अवस्थित विभिन्न घरका छाना पराल, खर, स्याउला, आसवटेस, विटुमिन ड्रम वा यस्तै आगो पानी तथा हावावाट सजिलै प्रभावित हुन सक्ने सामाग्रीहरुवाट छाएको घरहरुलाई नेपाल सरकारको सुरक्षित नागरिक आवास कार्यक्रम अन्तरगत त्यस्ता परिवारलाई जस्ता पाताको छानामुनी ल्याउने कार्यक्रम रहेकोले त्यस्ता परिवार एकीन गरी यसै पौष मसान्त भित्र निवेदन, घरधनी नागरिकता प्रमाणपत्रको प्रतिलिपि, जग्गा धनी पूर्जा, तिरो तिरेको रसिद वा विजुली शूल्क तिरेको रसिद, विगत देखि सो स्थानमा वसेको प्रमाण वा वसाईसराई प्रमाणपत्र, सुरक्षित नागरिक आवासको ढाँचामा भरिएको फारम, प्रकोपको कारण घरवार विहिन भएको हकमा जिलला विपद् व्यवस्थापन समितिको निर्णय सहितको जिल्ला प्रशासन कार्यालयको सिफारीस, गरिविको रेखामुनी रहेको हकमा स्थानीय तहको सिफारीस सहित सम्वन्धित वडामा निवेदन पेश गराई गाउँपालिकामा उपलव्ध गराउन संघीय कार्यक्रम अन्तरगतको ५० वटा घर वडा नं. ८ मा र वडा नं. १, २ र ३ मा ५० घर संकलन गर्न गराउन टोली खटाउने निर्णय सर्वसम्मतीमा गरियो । साथै गाउँपालिकामा विनियोजीत वजेटवाट वडा नं. ३ र ४ का सम्वन्धित परिवारलाई छनौट गरि जस्ता पाता उपलव्ध गराउने निर्णय सर्वसम्मतीमा गरियो ।

**८. भुमि बैंक स्थापना सम्बन्धमा ।**

भूमि वैंक सम्वन्धि कार्यविधि, २०७७ वमोजिम यस गाउँपालिकामा वैदेशिक रोजगारी, वसाइसराई, व्यापार व्यवसाय तथा श्रम गर्ने शिलसिलामा आफ्नो वसोवासस्थल छोडेर अन्यत्र जाँदा छोडेर गएको खेतवारी वाँझो हुन जाँदा कृषि उत्पादन तथा उत्पादकत्वमा कमी हुँदै गएको कारण त्यस्ता वाँझा जमिनहरुको अभिलेख तयार गरी गाउँपालिकामा विवरण तयार गर्ने र उक्त वाँझा जमिनहरुमा खेतिपाती गरी उत्पादन गर्न चाहनेलाई निश्चित अवधिका लागि कमोद गर्न दिने कार्यक्रमका लागि गाउँपालिकामा भूमि वैंक स्थापना कार्यक्रमलाई अगाडि वढाउने निर्णय सर्वसम्मतीमा गरियो ।

**९. वडा नं. ७ जनता माध्यामिक विद्यालयमा सुरक्षागार्ड तथा स्वास्थ्य व्यवस्थापन कोष व्यवस्थापन सम्बन्धमा ।**

USAID को सहयोगमा निर्माण सम्पन्न हुने चरणमा रहेको यस गाउँपालिकाको वडा नं. ७ स्थित जनता माध्यामिक विद्यालयको सुरक्षा व्यवस्थापन गर्न तथा स्वास्थ्य चौकी संरक्षण गर्नका लागि आगामी गाउँसभावाट अनुमोदन हुने गरी उक्त विद्यालयलाई २०७८ असार मसान्त सम्मका लागि

विदुर हुमागाई
अध्यक्ष

सम्वन्धित संस्था तथा विद्यालयसँग समन्वय गरी आवश्यक रकम अनुदान स्वरुप उपलब्ध गराउने निर्णय सर्वसम्मतीमा गरियो ।

**१०. शिवम् सिमेन्ट उद्योगसँगको सम्झौता कार्यान्वयन तथा यस वर्षको योजनाका सम्बन्धमा ।**

यस गाउँपालिकाको सामरी खोलामा आउने वाढिका कारण हुनसक्ने क्षेती न्युनिकरण गर्नका लागि अघिल्लो आर्थिक वर्षमा शिवम् सिमेन्ट प्रा.लि. सँग उक्त उद्योगको सामाजिक उत्तरदायित्व अन्तरगत आर्थिक वर्ष २०७६/०७७ मा गर्नुपर्ने ५ करोड वजेट वरावरको वस्ति संरक्षणका योजना कार्यान्वयन गर्ने भएको समझदारी वमोजिम हालसम्म पनि उक्त वस्ति संरक्षणका कार्यहरु तदारुकताका साथ अगाडी वढाएको नपाइएकोले उक्त योजनाहरु यथाशिघ्र कार्यान्वयनमा ल्याउन शिवम् सिमेन्ट प्रा.लि. लाई ताकेता गर्ने निर्णय सर्वसम्मतीमा गरियो । साथै आर्थिक वर्ष २०७७/०७८ मा गरीने कार्यका लागि यथाशिघ्र समन्वय गरी कार्य गराउने निर्णय समेत सर्वसम्मतवाट गरीयो ।

**११. विभिन्न योजनाहरु समिक्षा तथा कार्यान्वयन सम्बन्धमा ।**

आगामी चैत्र मसान्तभित्र सम्पन्न गर्नेगरी कार्यान्वयनका लागि ल्याइएका विभिन्न योजना तथा कार्यक्रमहरु तोकिएकै मितिमा सम्पन्न गर्ने सन्दर्भमा तपसिल वमोजिमका क्रियाकलापहरु सञ्चालन गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

**तपसिल**

- *टोलटोलमै गएर योजना सम्झौता गर्ने,*
- योजना सम्पन्न पश्चात वडास्तरीय अनुगमन समिति तथा गाउँपालिकास्तरीय अनुगमन समितिको अनुगमन र फरफारक समितिले सम्पन्न भएका योजनाहरुको भुक्तानी गर्ने निर्णय प्रभावकारीताका साथ लागू गर्ने,
- सम्भव हुनेसम्म योजनाको भुक्तानी लिनको लागि उपभोक्ता समितिलाई नबोलाई वैंकमार्फत भुक्तानी हुने वातावरण श्रृजना गरी उपभोक्ता समितिको खातामा रकम दाखिला भएको व्यहोरा मोवाइल सन्देश मार्फत पठाउने व्यवस्था मिलाउने ।
- उपभोक्ता समितिको फाइल वडासचिव तथा वडाका कर्मचारीमार्फत गाउँपालिकामा ल्याउने व्यवस्था मिलाउने । उपभोक्ता समितिलाई सम्भव हुने सम्म गाउँपालिकामा आउनुपर्ने वाध्यता नगराउने ।
- चैत्र मसान्त भित्र सवै योजना सम्पन्न गर्न गाउँपालिका तथा सम्वद्ध वडा कार्यालय सक्रिय रुपमा लाग्न प्रतिवद्ध हुने ।
- तोकिएको सिमाभन्दा माथि वजेट भएका योजनाहरुको अनिवार्य रुपमा वोलपत्रको माध्यामवाट कार्यान्वयन गर्ने,

- प्राविधिकहरु सम्बद्ध वडा अध्यक्ष तथा वडा पदाधिकारीहरुसँग प्रत्यक्ष सम्पर्क समन्वयमा रहेर लागत अनुमान तथा कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने कार्यमा सक्रिय हुने,

साथै, कार्यपालिका समक्ष प्रस्तावित तपसिल बमोजिमका योजनाहरुमा उल्लेखित शिर्षकबाट खर्चहुने गरी आवश्यक बजेट रकम विनियोजन गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

| सि.नं. | योजनाको नाम | बजेट रकम | बजेट शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | पेमापुङ्पे गुम्बा तथा बौद्ध मूर्ति स्थापना वडा नं. २ | ५० हजार | आदीवासि जनजाती लक्षित कार्यक्रम | |
| २ | टाँसि छोइखोर्लिङ बौद्ध गुम्बा, वडा नं. १ | रु. ५० हजार | आदीवासि जनजाती लक्षित कार्यक्रम | |
| ३ | बागदली पुरानो इश्वरी प्रा.वि. मोटरबाटो निर्माण | ५ लाख | कोरोना कोष | |
| ४ | भालुखोला नाला निर्माण | ३ लाख | भैपरी आउने पुँजिगत खच | |
| ५ | वंशगोपाल स्ल्याब निर्माण | २ लाख | भैपरी आउने पुँजिगत खच | |
| ६ | कूर्ले भित्री सडक | २ लाख | भैपरी आउने पुँजिगत खच | |
| ७ | छाप चर्च मर्मत | १ लाख | भैपरी आउने पुँजिगत खच | |
| ८ | बुङ्दल पूल संरक्षण एवं ढल निकास | १ लाख ५० हजार | भैपरी आउने पुँजिगत खच | |
| ९ | सोलिथुम चुवार बाटो | १ लाख | भैपरी आउने पुँजिगत खर्च | |
| १० | झल्ला भित्तो ढल निकास | २ लाख | भैपरी आउने पुँजिगत खर्च | |
| ११ | इच्युङ ओखरडाँडा झो.पु. छेउ संरक्षण | १ लाख | भैपरी आउने पुँजिगत खर्च | |
| १२ | भालुखोला चुवार आमभञ्ज्याङ सडक | १ लाख | भैपरी आउने पुँजिगत खर्च | |
| १३ | बुङ्दल सामुदायिक भवन निर्माण | १ लाख | भैपरी आउने पुँजिगत खर्च | |
| १४ | सोलिथुम फेदी आमभञ्ज्याङ सडक तथा बस्ति संरक्षण | २ लाख | भैपरी आउने पुँजिगत खर्च | |
| १५ | ओखर डाँडा सिरान मोटर बाटो निर्माण | २ लाख | भैपरी आउने पुँजिगत खर्च | |
| १६ | गाउँपालिका भवन अगाडि पार्किङ ट्रस निर्माण | ३ लाख | भैपरी आउने पुँजिगत खर्च | |
| १७ | रत्नमाया भोम्जन मकवानपुरगढी-७, व्यवसाय गर्न | ५० हजार | असहायसँग गाउँपालिका अध्यक्ष कार्यक्रम | श्रीमान् ले छाडेको |
| १८ | तल्लो पेटीटोल भालुखोला कृषि सडक | ५० हजार | भैपरी आउने पुँजिगत खर्च | |
| १९ | मिलचोकदेखि धमिले सडक | १ लाख | भैपरी आउने पुँजिगत खर्च | |
| २० | वासुदेवमार्ग स्तरीकरण | १५ लाख | भैपरी आउने पुँजिगत खर्च | |

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

विदुर हुमागाईं
अध्यक्ष

**१२. आर्थिक सहायता सम्बन्धमा ।**

आर्थिक सहायता कार्यविधि, २०७४ बमोजिम स्वास्थ्य सम्बन्धी विविध समस्या भएका तपसिल बमोजिमका व्यक्तिहरुलाई आवश्यक आर्थिक सहायता प्रदान गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

| सि.नं. | व्यक्तिको नाम र ठेगाना | शारीरिक समस्या | सहायता रकम | बजेट शिर्षक |
|---|---|---|---|---|
| १ | सरीता सिलवाल, वडा नं. १, म.गढी गा.पा | मानसिक तथा प्रसूती | २५ हजार | आर्थिक सहायता |
| २ | वुद्धराज पाखिनको छोरा मार्टिन, वडा नं. २ | छतवाट खसेको | २० हजार | आर्थिक सहायता |
| ३ | राजकुमार गोले म.गढी गा.पा. -४ | एपेन्डिक्स | २० हजार | आर्थिक सहायता |
| ४ | मेदनाथ तिमल्सिना म.गढी गा.पा. -६ | आन्द्रा क्यान्सर | १५ हजार | आर्थिक सहायता |
| ५ | मायारानी लो म.गढी-२ | क्यान्सर | २५ हजार | आर्थिक सहायता |
| ६ | विष्णुमाया भ्लोन म.गढी-२ | दूर्घटना | ३० हजार | आर्थिक सहायता |
| ७ | देव लो म.गढी-१ | न्यूमोनिया वालक | १५ हजार | आर्थिक सहायता |
| ८ | सोम माया गोले म.गढी गा.पा-७ | दूर्घटना | ३० हजार | आर्थिक सहायता |

**१३. शिक्षा समितिमा रिक्त पद मनोनयन सम्बन्धमा ।**

गाउँपालिकाभित्र सञ्चालन हुने विद्यालयको सञ्चालन रेखदेख, समन्वय तथा व्यवस्थापन गर्नका लागि मकवानपुरगढी गाउँपालिकाले मकवानपुरगढी गाउँपालिकाको शिक्षा ऐन, २०७४ को दफा १५ बमोजिम गठन गरेको शिक्षा समितिको खण्ड (च) मा समाजसेवी, शिक्षा प्रेमीमध्यबाट एक जना दलित, एक जना महिला सहित ३ जना सदस्यहरुमध्य एक जना सदस्यको पद रिक्त हुन गएकोले सो रिक्त पदमा ज्वालादेवि प्राथमिक विद्यालयका प्रधानाध्यापक श्री शिवप्रसाद लामिछानेलाई मनोनयन गर्ने निर्णय सर्वसम्मतमिा गरियो ।

**१४. किसान केडिटकार्ड सम्बन्धी चौपक्षिय सम्झौता सम्बन्धमा ।**

मकवानपुरगढी गाउँपालिकास्थित कृषकहरुले पशूपालन, पन्छिपालन तथा तरकारी फलफूल उत्पादन मुलक कृषि व्यवसाय/उद्यम गर्नका निम्ति आवश्य वित्तिय, प्राविधिक, बजार व्यवस्थापन तथा विभिन्न भूमिका समन्वय गरी साना स्तरका कृषकलाई व्यवसायिक कृषिमा व्यवस्थित गर्ने उद्देश्यले नेपाल वंगलादेश बैंक लिमिटेड, आर एण्ड डि इनोभेटिभ सोलुसन, मकवानपुरगढी गाउँपालिका र सम्वन्धीत

प्रमुख प्रशासकीय अधिकृत

कृषि सहकारी संस्थासँग सम्झौतामा उल्लेखित भूमिका निर्वाह गर्ने गरी चौपक्षिय सम्झौता गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

**१५.अनाजको मूल्यनिर्धारण समिति गठन सम्बन्धमा ।**

यस गाउँपालिकामा प्रशस्तै उत्पादन हुने कोदो र फापरको सरकारी दरमा मूल्य निर्धारण नभएको कारण बजार मूल्यका आधारमा सो अनाजको मूल्य निर्धारण गर्नका लागि तपसिल बमोजिमको एक कोदो र फापर अनाज मूल्य निर्धारण समिति गठन गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

**तपसिल**

| | | |
|---|---|---|
| गाउँपालिका उपाध्यक्ष श्री हर्कमाया रुम्बा | : | संयोजक |
| प्रमुख प्रशासकिय अधिकृत श्री रामकुमार पुडासैनी | : | सदस्य |
| आर्थिक विकास समितिका संयोजक श्री बखान सिं पाखिन | : | सदस्य |
| कृषि सहकारी संस्थाहरुमध्यबाट एक जना | : | सदस्य |
| कृषि विकास संयोजक श्री चन्द्रकान्त चौधरी | : | सदस्य |

**१६.उद्यम विकास समिति गठन सम्बन्धमा ।**

लघुउद्यमसँग सम्बन्धित क्रियाकलापको लागि गाउँसभाबाट पारीत हुनेगरी स्थानीय तहस्तरीय योजना तर्जूमा गरी कार्यान्वयन गर्न, कार्यक्रम कार्यान्वयन गर्नका लागि सम्भावित वडा तथा बस्ती छनौट गर्न, शाखाबाट तयार गरीने कार्यक्रमको प्रगति विवरण बैठकमा छलफल गराउन, देखिएका कमिकमजोरी सुधार गर्नको लागि निर्देशन दिने लगायत गरिबि निवारणका लागि लघुउद्यम निर्देशिका, २०७७ को दफा ५३ बमोजिमको काम कर्तव्य तथा अधिकार पूरा गर्नका लागि सो ऐ.ऐ. निर्देशिकाको दफा ५२ बमोजिम तपसिल बमोजिमको एक उद्यम विकास समिति गठन गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

**तपसिल**

| | | |
|---|---|---|
| १. कार्यपालिकाको अध्यक्ष श्री बिदुर हमागाँई | : | संयोजक |
| २. आर्थिक विकास समिति संयोजक बखान सिं पाखिन | : | सदस्य |
| ३. प्रमुख प्रशासकिय अधिकृत श्री रामकुमार पुडासैनी | : | सदस्य |
| ४. महिला सदस्य श्री सन्तु थिङ | : | सदस्य |
| ५. महिला उद्यमी प्रतिनिधि श्री तुलसा छत्कुली | : | सदस्य |
| ६. संघ सस्था प्रतिनिधि विष्णु प्रसाद दंगाल | : | सदस्य |
| ७. शाखा प्रमुख श्री सूर्य बहादुर गुरुङ | : | सदस्य-सचिव |

साथै, उपरोक्त उद्यम विकास कार्यक्रम प्रथम चरणका रुपमा वडा नं २, ३, ५ र ६ मा कार्यान्वयन गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

Scanned with CamScanner

विदुर हुमागाईं
अध्यक्ष

**१७. वडा मेलमिलाप समिति गठन तालिम र कार्यान्वयनका सम्बन्धमा ।**

स्थानीय स्तरमा हुने बेमेल, विवाद तथा सामाजिक द्वन्द्वको निराकरण गर्नका लागि मकवानपुरगढी गाउँपालिकाको न्याय व्यवस्था सम्वन्धी कानुन बमोजिम प्रत्येक वडामा ३ जना मेलमिलापकर्ता रहने व्यवस्था भएकाले आफ्नो वडामा यो क्षेत्रमा अनुभव प्राप्त गरेका तथा साविक गाउँ विकास समिति अस्तित्मा रहेको बखत नियुक्त भएका मेलमिलापकर्ताहरुमध्ये आफ्नो वडाभित्र उठ्न सक्ने विवाद समाधान गर्नका लागि स्वयंसेवकका रुपमा कार्य गर्ने गरी प्रत्येक वडाबाट ३/३ जना व्यक्ति तोकी गाउँपालिकामा सूचिकृत हुनेगरी पठाउन तथा सो सम्वन्धी तालिम तथा कार्यक्रममा सहभागी गराउन सबै वडा कार्यालयलाई अनुरोध गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

**१८. नदीजन्य पदार्थ निकासीका लागि २०७७ पौष १५ देखि अतिरिक्त सेवा शुल्क लगाउने सम्बन्धमा ।**

गाउँपालिकाभित्र बग्ने खोला तथा नदिजन्यक्षेत्र बाट उत्खनन् गरीने ढुँगा, गिटी, बालुवा उत्खनन्, विक्रि तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ मा व्यवस्था भए बमोजिम उत्खनन् गरीने ढुँगा, गिटी, बालुवा विक्रि वितरणमा आगामी २०७७ पौष १५ देखि लागू हुने गरी ऐ.ऐ. मापदण्ड वमोजिम तोकिएको सेवा शुल्क लगाउने निर्णय सर्वसम्मतीमा गरियो ।

**१९. विविध ।**

विविधका सम्वन्धमा तपसिल बमोजिम निर्णय गरियो ।

<u>तपसिल</u>

- वडा नं. २ मा कार्यरत एम्बुलेन्स सवारी चालकलाई मासिक रु. १० हजार दिने भनि कोरोना सम्वन्धी गाउँपालिकास्तरीय समन्वय समितिको निर्णय अनुमोदन गर्ने,
- वडा नं. १ ७ र ८ मा कार्यरत सिभिल तर्फका वडा प्राविधिकका लागि प्रचलित दरमा गाउँपालिकाद्धारा भाडा व्यवस्थापन गर्ने गरी डेरा उपलब्ध गराउने ।

विदुर हुमागाईं
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत